डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पातो, सप्तरी
Pato, Saptari

website: dakneshworimun.gov.np
email :info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
Madhesh Province. Nepal

प.स.:२०८०/०८१

मिति: २०८०/०४/०१

## सामाजिका सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम आर्थिक बर्ष २०८०/०८१ का लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८० श्रावण ०१ गते देखी भाद्र मसान्त भित्र देहायका कागजातहरु संलग्न राखि परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयहरुमा स्वयंम उपस्थित भई परिचयपत्र नवीकरण गराउन हुन अनुरोध गरिन्छ ।तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुनःसामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्चः परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीले बैंक खाता समेत अद्यावधिक गर्न गराउन अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरु:

- जेष्ठ नगरिक र दलित जेष्ठ नागरिकको हकमा- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो १ प्रति अनिवार्य,
- सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि / परिचयपत्र नम्बर,
- बालबालिकाको हकमा- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा- पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि, १६ वर्ष मुनिको भए जन्मदर्ता प्र.प्र. को प्रतिलिपि वा १६ वर्ष माथिको भए ना.प्र.प्र.को प्रतिलिपि,
- असहाय एकल/विधवा महिलाको हकमा- नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- विवाह ६० वर्ष उमेर पुरा भएकी महिलाको हकमा- विवाह नगरेको वडाको सिफारिस, ना.प्र.प्र. को प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा- सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- आवश्यकता अनुसार बसाई सराई दर्ता प्रमाण पत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- बैंक खाता चेकको फोटोकपी अनिवार्य ।

नोटः सामाजिक सुरक्षा प्रणालीबाट लगत कट्टा भएको खण्डमा लाभग्राहीहरु स्वयंम जिम्मेबार हुनेछ ।

विनोद कुमार ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि अधिकृत- **Web site** मा सूचना **upload** गरिदिनुहुन ।
श्री वडा कार्यालय सबै- सूचना पाटी र अ-आफ्नो वडा भित्र सूचना टाँस गरिदिनुहुन ।